## सूचना ५

श्री ५ को सरकारले मिति २०४१।१०।८ को निर्णयानुसार देहायका व्यक्तिहरूलाई विकासबाट साधारण (स्थायी) तर्फ ल्याइएको कर्मचारीहरूलाई दिए सरह सुविधा दिई नेपाल इञ्जिनीयरिङ्ग सेवा, केमिष्ट्री समूह, राजपत्राँकित तृतीय श्रेणीको देहायको पद र पदसंकेतमा नियुक्ति गरी देहायबमोजिम पदस्थापन गरेको छ ।

| क्र.सं. | नाम थर | पद र पदसंकेत | पदस्थापन भएको कार्यालय |
|---|---|---|---|
| १. | श्री रमेश स्थापित | केमिष्ट, उ।ने।गु।०७।२ | नेपाल गुणस्तर कार्यालय |
| २. | श्री उत्तमकुमार कुँवर | केमिष्ट, उ।ने।गु।०७।३ | " " |
| ३. | श्रीमती सुषमा राणा | केमिष्ट, उ।ने।गु।०७।४ | " " |

## सूचना ६

श्री ५ को सरकारको मिति २०४१।१०।८ को निर्णयानुसार श्री विनोदबहादुर थापालाई विकासबाट साधारण (स्थायी) तर्फ ल्याइएको कर्मचारीलाई दिए सरह सुविधा दिई नेपाल इञ्जिनीयरिङ्ग सेवा, मेटार्लजिकल इञ्जिनीयरिङ्ग समूह, राजपत्राँकित द्वितीय श्रेणीमा नियुक्ति गरी नेपाल गुणस्तर कार्यालयमा रिक्त रहेको पदसंकेत उ।ने।गु।०८।२ को मेटार्लजिकल इञ्जिनीयर पदमा पदस्थापन गरेको छ ।

आज्ञाले,<br>
ईश्वरीलाल श्रेष्ठ<br>
श्री ५ को सरकारको सचिव

## राष्ट्रिय पञ्चायत सचिवालयको
## सूचना

श्री ५ को सरकारको मिति २०४१।११।२१ को निर्णयानुसार राष्ट्रिय पञ्चायत सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई सोही सेवाको राजपत्राँकित द्वितीय श्रेणीमा मिति २०४१।१०।२७ देखि बढुवा गरी देहायबमोजिम पदस्थापन गरिएको छ ।

| क्र. सं. | नाम र थर | साविक पद र कार्यालय | हाल पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री राधेश्याम भट्टराई | शाखा अधिकृत, रा.पं. सचिवालय | सम्पादकीय अधिकृत रा.पं. सचिवालय । |
| २. | श्री चक्रानन्द राजवैद्य | शाखा अधिकृत, रा.पं. सचिवालय | उपसचिव रा.पं. सचिवालय । |

आज्ञाले,<br>
स्यामकृष्ण भटराई<br>
राष्ट्रिय पञ्चायतको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।